दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३५ | बुटवल | २०८३ जेठ ०१ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday May 15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


# 'सरकारले निजी क्षेत्रलाई त्रसित बनायो'

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारले निजी क्षेत्रमाथि गरेको व्यवहारप्रति आपत्ति जनाएका छन्। पछिल्लो समय सरकारले निजी क्षेत्र र सिमानामा सर्वसाधारणलाई सास्ती दिएको उनको भनाइ छ। संविधानलाई तलमाथि गर्न खोजे कांग्रेसले रोक्ने उनको भनाइ छ।

पोखरामा बिहीबार पार्टीले आयोजना गरेको विशेष प्रादेशिक भेलालाई सम्बोधन गर्दै थापाले सरकारले निजी क्षेत्रका व्यक्तिहरूलाई प्रक्रिया र कानुन मिचेर प्रहरी लगाएर उठाउने गरेको भन्दै आपत्ति जनाए। "नियम र कानुनले सबैलाई बाँध्नुपर्छ। तर, सरकारले जसलाई मन लाग्यो उसलाई उठाउने र त्रसित बनाउने काम गरिरहेको छ।"- उनले भने।

सिमानाकामा १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भइरहेको कडाइले जनताहरूले दुःख पाएको उनको भनाइ छ। "म भन्सार लगाउँछु भन्दैमा वर्षौंदेखि जीविका चलाइरहेका नागरिकलाई सास्ती दिन पाइँदैन," थापाले भने-"सरकारमा नभए पनि नागरिकलाई सजिलो बनाउने र सरकारलाई प्रश्न गर्ने जिम्मेवारी कांग्रेसको हो।"

कसैसँग कुरा गर्न मन लाग्दैमा वा आवश्यक पर्दैमा मन्त्रीले प्रहरी लगाएर मान्छे उठाउनु अलोकतान्त्रिक पद्धति भएको थापाको भनाइ छ। वर्तमान सरकारले संविधान र कानुनको सीमा मिचेर शासन चलाउन खोजेको उनको भनाइ छ। लहड र सनकका आधारमा मुलुक चल्न नसक्ने भन्दै थापाले प्रधानमन्त्री ईश्वर नभएको र उनी पनि नियम कानुनमा बाँधिनुपर्ने बताए।

प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा थापाले कांग्रेसले भौतिक रूपमा भन्दा पनि डिजिटल स्पेसमा चुनाव हारेको टिप्पणी गरे। कांग्रेससँग पर्याप्त कन्टेन्ट भए पनि त्यसलाई जनतासम्म पुऱ्याउने 'इन्फ्रास्ट्रक्चर' नभएकाले अपेक्षित नतिजा नआएको बताए।

स्थानीय तहको चुनावबारे उनले वडाध्यक्षको उमेदवार केन्द्रले नभई सम्बन्धित वडाका सक्रिय सदस्यहरूले नै छान्ने बताए। "कुन वडामा कसलाई अध्यक्ष लडाउने भन्ने कुरा त्यहींका सक्रिय सदस्यहरूलाई सोधेर निर्णय गरिनेछ। यसका लागि भोटिङ गरिरहनु पर्दैन, डिजिटल माध्यमबाटै उनीहरूको राय लिइनेछ।"- उनले भने।

मुलुकलाई ठूलो मुस्किलले संवैधानिक स्थिरतामा ल्याइएको भन्दै थापाले फागुन २१ को निर्वाचन नभएको भए मुलुकको संवैधानिक व्यवस्था नै भंग हुने खतरा रहेको बताए। अहिले कांग्रेस प्रतिपक्षमा भए पनि सरकारका नीति र कार्यक्रममा गुण-दोषका आधारमा प्रश्न गर्ने, विरोध गर्ने र खबरदारी गर्ने काम नरोकिने उनले जनाए।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको यो प्रादेशिक भेलामा गण्डकी प्रदेशका ११ वटै जिल्लाका अगुवाहरूको सहभागिता छ।



# निर्माण व्यवसायी महासंघ आन्दोलित

बुटवल। पश्चिम एसियामा जारी युद्धका कारण इन्धन, निर्माण सामग्री, ढुवानी तथा श्रमिक लागतमा भएको अत्यधिक मूल्यवृद्धिको समस्या सम्बोधन गर्न सरकार तयार नभएपछि नेपाल निर्माण व्यवसायी महासंघ आन्दोलित भएको छ।

महासंघले तय गरेको पूर्व निर्धारित शान्तिपूर्ण विरोधका कार्यक्रम अनुसार बिहीबार केन्द्रमा एसोसिएट सदस्य समन्वय समितिको तर्फबाट सडक विभाग र उर्जा, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकलाई ज्ञापनपत्र बुझाइ ती विभागमा आधा घण्टा धर्ना दिइएको छ।

एसोसिएट सदस्य समन्वय समितिका संयोजक नवराज श्रेष्ठले महानिर्देशक द्वयलाई ज्ञापन पत्र बुझाउँदै मूल्यवृद्धिको कारण निर्माण उद्योगमा देखिएको विकराल अवस्थाबारे अवगत गराए।

यसैबिच महासंघमा आबद्ध ७७ वटै जिल्ला निर्माण व्यवसायी संघले बिहीबार नै प्रमुख जिल्ला अधिकारी समक्ष जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाइ शान्तिपूर्ण तवरमा आधा घण्टा धर्ना दिएका छन्।




मूल्यवृद्धिका कारण अब उप्रान्त निर्माण कार्य बन्द हुने परिस्थिति आएको महासंघले जनाएको छ। यी विषयमा अवगत गराउँदै ज्ञापन पत्र दिएर देशभरका जिल्ला प्रशासन कार्यालयमा आधा घण्टा धर्ना दिइएको महासंघका महासचिव शिवहरि घिमिरेले जानकारी दिए।

महासचिव घिमिरेका अनुसार जिल्ला संघहरूले शुक्रबार र आगामी सोमबार जिल्लास्थित पूर्वाधार विकास कार्यालय, डिभिजन सडक कार्यालय, शहरी विकास तथा भवन र सिँचाइ कार्यालयहरूमा ज्ञापनपत्र बुझाइ आधा घण्टा धर्ना दिनेछन्।

विरोधकै कार्यक्रमअन्तर्गत सात प्रदेश निर्माण व्यवसायी महासंघले शुक्रबार मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै मुख्यमन्त्री कार्यालयमा आधा घण्टा धर्ना दिने महासंघका नीतिगत उपमहासचिव एवम् प्रवक्ता मंगलबहादुर शाहीले बताए।

# क्यासिनोमा नेपाली प्रवेश रोक्न निर्देशन

बुटवल। भारती सीमासँग जोडिएका १२ जिल्लामा खुलेका क्यासिनोहरुमा नेपाली ग्राहकको प्रवेश व्यापक भएको रहस्य सार्वजनिक भएको छ। रुपन्देही प्रहरीले क्यासिनोवाट बैशाख महिनामा २५ जनालाई पक्राउ गरेको छ। यसमध्ये २१ जना क्यासिनो खेल्न पुगेका नेपाली रहेका छन् भने ४ जना क्यासिनो खेलाउने कर्मचारी रहेका छन्। तराईका सीमावर्ती क्षेत्रमा क्यासिनो व्यवसाय मौलाउँदो छ। तर, कानूनविपरीत नेपाली प्रवेश गराएर क्यासिनो संचालकले नियमको धज्जी उडाइरहेका छन्।

यस्तो अवस्थामा सरकारले १२ वटा जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गर्दै क्यासिनोहरुमा नेपाली नागरिकको प्रवेशमा कडाइ गर्न भनेको छ। पछिल्लो समय केही क्यासिनोहरूले नेपाली नागरिकलाई प्रवेश गराई खेल खेलाएको र इजाजतपत्रमा उल्लेख भएबाहेकका अन्य अवैध खेलहरू समेत सञ्चालन गरिरहेको भन्ने गुनासो बढ्दो छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पर्यटन विभागले एक परिपत्र जारी गर्दै क्यासिनोहरूको सूक्ष्म निगरानी एवं स्थलगत अनुगमन गर्न भनेको हो।

अवैध काम बढेपछि विभागले यो कदम चालेको स्पष्ट पारेको छ। यस विषयमा संघीय संसद्को प्रतिनिधिसभा बैठकमा समेत कुरा उठेको थियो। विभागका निर्देशक हिमाल गौतमद्वारा हस्ताक्षरित निर्देशनात्मक पत्र झापा, मोरङ, बारा, पर्सा, भक्तपुर, काठमाडौं, कास्की, रुपन्देही, कपिलवस्तु, बाँके, कैलाली र कञ्चनपुरका जिल्ला प्रशासन कार्यालयलाई पठाइएको छ। अनुगमनका क्रममा कानुनविपरीतका यस्ता गतिविधि भएको पाइएमा तत्काल कानुनबमोजिम कारबाही अगाडि बढाई विभागलाई जानकारी गराउनसमेत भनिएको छ।

# भूमिहीन सुकुम्वासीमाथि राज्यले दमन गऱ्यो : महासंघ

बुटवल। गैरसरकारी संस्था महासंघ नेपालले राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न आग्रह गरेको छ। महासंघको ३१औं वार्षिक साधरणसभाको अवसरमा काठमाडौंमा बिहीबार सम्पन्न दुई दिने राष्ट्रिय नागरिक सम्मेलनले १७बुँदे 'राष्ट्रिय नागरिक घोषणापत्र- २०८३' सार्वजनिक गर्दै गत भदौ २३ र २४ गते भएका घटनाहरुको दोषीमाथि कारबाही तथा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेको हो।

महासंघले लोकतन्त्र, मानवअधिकार, सामाजिक न्याय र संविधानको मर्म संरक्षणका लागि सरकार, राजनीतिक दल तथा सरोकारवाला निकायलाई ठोस कदम चाल्न आग्रह गरेको छ। महासंघका अर्जुन भट्टराईले अहिलेको विशेष परिस्थिति रहेको उल्लेख गर्दै नागरिक समाजको भूमिका हुनु पर्ने र त्यसमा काम गर्ने प्रष्ट पारे। उनले सरकारसँग राम्रो काममा समझदारी र गलत काममा खबरदारी गर्ने आफ्नो संस्थागत विषय रहेको उल्लेख गरे।

उनले सरकार लोकतान्त्रिक बाटो बिराएमा नागरिक समाजको तर्फबाट खबरदारी हुने चेतावनी दिए। महासंघले घोषणा पत्रमा भूमिहीन सुकुम्वासीहरुप्रति मावनअधिकारको आधारभूत मूल्य मान्यता र संविधान प्रदत्त मौलिक हक हनन् हुने गरी राज्यले गरेको दमन, धरपकड तथा अपमानजनक व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ। सम्मेलनमा सामाजिक अभियन्ता, मानवअधिकारकर्मी, नागरिक अगुवा तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूले वर्तमान राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासनिक अवस्थाको समीक्षा गर्दै संविधानप्रदत्त मौलिक हक, अभिव्यक्ति स्वतन्त्रता, संगठन स्वतन्त्रता तथा नागरिक अधिकारको रक्षा आजको प्रमुख आवश्यकता भएको निष्कर्ष निकालेका छन्।

घोषणापत्रमार्फत् नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र तथा समावेशी व्यवस्थालाई कमजोर पार्ने कुनै पनि गतिविधि रोक्न सरकार तथा राजनीतिक दलहरूलाई आग्रह गरिएको छ। सुशासन र सार्वजनिक सुधारका नाममा नागरिक स्वतन्त्रता, मानवअधिकार तथा संवैधानिक अधिकारमाथि हस्तक्षेप हुन नहुने स्पष्ट धारणा सम्मेलनले व्यक्त गरेको छ।

संविधान संशोधनसम्बन्धी बहस चलिरहेका बेला संशोधन प्रक्रियालाई समावेशी, पारदर्शी र जनमुखी बनाउन नागरिक समाजको प्रत्यक्ष तथा सक्रिय सहभागिता सुनिश्चित गर्न पनि महासंघले जोड दिएको छ। महासंघले कानुनी सर्वोच्चता, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, संसदको प्रभावकारी भूमिका तथा नागरिक सुरक्षालाई लोकतन्त्रका आधारभूत मान्यता मान्दै सरकार पूर्ण रूपमा जवाफदेही बन्नुपर्ने माग गरेको छ। पछिल्ला दिनहरूमा नागरिक समाज र सामाजिक संघसंस्थाको भूमिकालाई कमजोर बनाउने, सामाजिक अभियन्तामाथि डर, त्रास र दबाब सिर्जना गर्ने तथा सामाजिक अभियानहरूलाई निरुत्साहित गर्ने प्रवृत्ति बढेको भन्दै महासंघले चिन्ता व्यक्त गरेको छ।

घोषणापत्रमा भूमिहीन, सुकुम्वासी तथा सीमान्तकृत समुदायप्रति मानवीय व्यवहार गर्न, उनीहरूको आवास, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनयापनका आधारभूत अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरिएको छ। साथै महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण र सशक्तीकरणका लागि पर्याप्त बजेट तथा प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ। सामाजिक संस्थाहरूलाई नाफामूलक कम्पनीसरह व्यवहार नगर्न, अनावश्यक प्रशासनिक बोझ नथोपर्न तथा नागरिक समाजमैत्री कानुन निर्माण गर्न पनि सरकारसँग माग गरिएको छ। महासंघले युवापलायन रोक्न स्वदेशमै रोजगारी, उद्यमशीलता र उत्पादनमुखी अर्थतन्त्रको विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

शिक्षा र स्वास्थ्यलाई राज्यको पूर्ण जिम्मेवारीभित्र राखी गुणस्तरीय र निःशुल्क सेवा सुनिश्चित गर्न, नीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता बढाउन तथा संघ, प्रदेश र स्थानीय तहमा युवा मञ्च गठन गरी परिचालन गर्नुपर्ने विषय घोषणापत्रमा समेटिएको छ।

त्यसैगरी जलवायु परिवर्तन, वातावरणीय संकट, खाद्य सुरक्षा, बजार अनुगमन, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका विषयमा गम्भीर ध्यानाकर्षण गराउँदै विकासका नाममा वातावरणीय विनाश तथा समुदायको अधिकार हनन हुन नहुने स्पष्ट गरिएको छ। डिजिटल पहुँच र समावेशीकरणलाई उच्च प्राथमिकतामा राख्नुपर्ने, मानसिक स्वास्थ्य सेवाको विस्तार गर्नुपर्ने तथा सामाजिक क्षेत्रलाई 'राष्ट्रिय गौरवको क्षेत्र' घोषणा गर्नुपर्ने माग पनि घोषणापत्रमा गरिएको छ। महासंघले 'राष्ट्रिय नागरिक घोषणापत्र २०२६' मा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि सरकार, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य र संवादलाई अझ सशक्त बनाउने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।







२०८३ जेठ ०१, गते शुक्रबार
Friday May 15, 2026

दैनिक लुम्बिनी

# सम्पादकीय

## बिजुलीको पासोमा सारस

लुम्बिनीको कृषि क्षेत्रसंरक्षित सूचीमा रहेको पन्छी सारसको बासस्थान जोखिममा परिरहेको बेला बिजुलीको तार अर्को पासो भएको छ। बिजुलीको तारमा ठोक्किएर दुई वर्षमा आठ सारसले ज्यान गुमाएका छन्। विश्व बसाइँसराइ चरा दिवस मनाइरहँदा शुक्रबार लुम्बिनी साँस्कृतिक नगरपालिका-७ शिवगढीया चोकस्थित खेतमा एउटा संरक्षित पन्छी सारस मृत अवस्थामा भेटिएको थियो। लुम्बिनी विकास कोषको १२ नम्बर गेटबाट उड्दै बाहिरिने क्रममा बिजुलीको नाङ्गो तारमा अल्झेर सारस खसेको स्थानीयले देखेका थिए । एक तथ्याङ्कअनुसार पछिल्लो १२ वर्षमा लुम्बिनी आसपास मात्रै बिजुलीको तारमा अल्झिएर ४२ वटा सारस मरेका छन्।

लुम्बिनी साँस्कृतिक नगरपालिकाले २०७५ मंसिर १० गते लुम्बिनीस्थित बेबी बुद्धमा भव्य कार्यक्रम गरेर सारसलाई नगरपन्छी घोषणा गरेको थियो। नगरपालिकाले जसको नाममा गर्व गरेर नगरपन्छी घोषणा गर्छ, त्यसको संरक्षणका लागि बजेट र योजना नबनाउनु संरक्षणप्रति गैरजिम्मेवारी हो। के औपचारिक कार्यक्रम आयोजना गरेर नगर पन्छी घोषणा गरेर मात्रै नगरपालिकाको जिम्मेवारी पूरा हुन्छ ? नगरपालिकाले हरेक वर्ष सारस संरक्षण र प्रवर्द्धनका लागि बजेट विनियोजन गर्न आवश्यक छ। लुम्बिनी विकास कोषले सारस संरक्षणको लागि सहयोगी भूमिका खेल्न सक्छ।

लुम्बिनीको ब्राण्डको रुपमा प्रचार गरिए पनि यसको बासस्थान जोगाउन र यहाँ जोखिम न्यूनीकरणका लागि पर्याप्त पहलकदमी हुन सकेको छैन । नगरपन्छी मरेको ३ दिनसम्म हटाउन नगरपालिकाले वास्ता गरेन्। 'नगरपन्छी' घोषणापछि संरक्षण र प्रवर्द्धनमा नगरपालिकाले पटक्कै चासो नदिएकोले सारस असुरक्षित बनेका छन्। शान्ति र प्रेमको प्रतीक मानिने सारस उड्न सक्नेमध्ये सबैभन्दा अग्लो चरा हो । नगरपन्छी लुम्बिनीको ब्राण्ड हो । यहाँ आउने पर्यटकलाई सारसप्रति आकर्षित गर्न सकिन्छ। लुम्बिनी आउने पर्यटक बुद्ध जन्मस्थल घुमघामका लागि मात्रै नभएर लुम्बिनीको कृषि क्षेत्रमा पाइने चरा अध्ययन गर्न पनि आउने गर्दछन्। कृषि क्षेत्रकमा पाइने चराका लागि लुम्बिनी 'हब' हो । नेपालमा सबैभन्दा धेरै सारस बृहत्तर लुम्बिनी क्षेत्रमा पाइन्छ। कपिलवस्तु, रुपन्देही तथा पश्चिम नवलपरासीको यो क्षेत्र सारसको बासस्थान हो। इन्टरनेश्नल क्रेन फाउन्डेशन (आइसिएफ) र विश्व वन्यजन्तु कोष नेपालको आर्थिक सहयोगमा नेपाल जुलोजिकल सोसाइटी र त्रिभुवन विश्वविद्यालयको प्राणीशास्त्र केन्द्रीय विभागले २०८० मा मुलुकभर अध्ययन गर्दा ६९० सारस फेला परेको थियो। त्यसमध्ये ८० प्रतिशतभन्दा बढी रुपन्देही र कपिलवस्तुमा भेटिएका थिए।

सारस वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित गरेको ९ पन्छी प्रजातिमध्ये एक हो। संरक्षित पन्छी सारसलाई हानी पुऱ्याउने, मार्ने, अण्डा नष्ट गर्ने वा व्यापार गर्ने कार्य गैरकानुनी मानिएको छ। यस्तो काम गर्ने वा गराउनेलाई १५ हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना वा ३ देखि ९ महिनासम्म कैद सजाय वा दुवै हुनसक्ने व्यवस्था छ।

सारस लुम्बिनीको पहिचान भएकाले अब लुम्बिनी र आसपासको क्षेत्रमा बिजुलीको नांगो तारलाई इन्सुलेटर लगाएर सारसलाई जोगाउन आवश्यक छ। धेरै माथि उड्न नसक्ने यो चरा जमिनदेखि नजिकै उड्दा बिजुलीको तारमा ठोक्किने भएकाले खुला बिजुलीको तारको व्यवस्थापन नगर्ने हो भने सारसको संरक्षण सम्भव छैन। संरक्षित सूचीमा रहेको सारसलाई जोगाउन राज्यले अब पहलकदमी लिन ढिलाइ गर्न हुन्न।

# बालेन सरकारको भविष्य



विनबहादुर कुँवर

सरकारको राजीनामाको माग भइसकेको छ। स्वयं हिजो आमा भनी चिनिएकी पूर्व प्रधानमन्त्री तथा प्रधानान्यायाधीश सुशीला कार्कीले समेत प्रम बालेनको विरोध गर्न थालिसकेकी छिन्। हिजो जुन बेला अर्थात् चुनावी अभियानमा बालेनको जनसमर्थन थियो, त्यो अहिले खस्किँदैछ। सम्भवतः अब एक दुई महिनाभित्रै बालेन सरकारको भविष्यको छिनोफानो हुनेछ ।



वर्तमान राज्य व्यवस्थामा संसदीय सदन अर्थात् संघीय प्रतिनिधिसभाको बैठकलाई अत्यन्त गरिमामय स्थानको रुपमा हेरिन्छ र लिइन्छ । तर आज नेपालको यो सदनमा बडो अचम्मको दृष्य देखिँदै छ। यही संसदको उपजको रुपमा प्रम बालेन शाह प्रधानमन्त्री बनेका छन्। त्यस्तै अरु दर्जनभन्दा बढी मन्त्री महोदयहरु । स्वयं प्रम बालेन शाह यो सदनप्रति उत्तरदायित्व भएको पाइँदैन । सदनमा आउनु अनि त्यहाँ बस्नु उनका लागि अत्यन्त ठूलो बोझ बनेको छ। सकेसम्म सदनमा जानै नचाहने गए पनि तत्काल फर्किहाल्ने प्रम बालेन शाहको यो व्यवहारले संसद र संसदीय राज्य व्यवस्थाको उपहास गरेको छ । आखिर संसदीय सदनमा बोलेर के हुन्छ र ? बोल्ने मात्र हो। कार्यान्वयन गर्ने त सरकार नै हो। सदनमा बेकार सांसदहरुको गालीगलौज, भनाभन र भाडभैलो मात्र हो। ठीक यो क. लेनिनले आजभन्दा सय वर्ष पहिले रुसी संसदीय संसदको बारेमा भनेका थिए-'बाहिर खसीको टाउको देखाएरभित्र कुकुरको मासु बेच्ने थलो' आखिर अन्ततः नेपालमा पनि ठीक त्यही भएको छ। स्वयं प्रम बालेन शाह त्यही सोंच र मानसिकतामा देखिन थालेका छन्। नेपालको सदन केही होइन त्यहाँ भनेका सब वाइघात। सुन्नुभन्दा नसुन्नु बेस। जे गर्नु पर्ने हो त्यो सब गर्ने अन्तिम निकाय मन्त्रिपरिषद्। केही हुन्न गरेर देखाउने भन्ने भनाइ छ, बालेन सरकारको।

वर्तमान सरकारको बोलाई त केही पनि छैन । अब गराई हेर्न बाँकी छ। गराई पनि यो एक महिनाभित्र नै देखिसकिएको छ। पहिलो गराई पूर्व प्रम एमाले अध्यक्ष केपी ओली अनि ने.का. नेता तथा गृहमन्त्री रमेश लेखकको गिरफ्तारी र अदालती कारबाही, तर यसमा सर्वोच्च अदालतको इन्कारी अर्थात् अदालतबाट थुनुवा मुक्तको आदेशले बालेन सरकारलाई पहिलो झड्का दिएको छ। त्यसपछि क्रमशः सुकुम्वासी हटाउने अनि ट्रेड युनियन र विद्यार्थी युनियनको खारेजी सम्बन्धमा पनि अदालतले सरकारको निर्णय र गतिविधिमाथि प्रश्न उठाउँदै त्यसो नगर्न आदेश दिइसकेको छ। एक प्रकारले अहिले सरकार भर्सेज अदालतबिच द्वन्द्व छ। एकले अर्काको निर्णयविरुद्ध अंकुश लगाउने काम भइरहेको छ। संसदीय राज्य व्यवस्थामा भनिएको शक्ति पृथकीकरणको सिद्धान्तको खास कुरा के हो । त्यसको केही झलक देखिन थालेको छ । तर हालै सर्वोच्च अदालतका प्रधानन्यायाधीशका लागि भएको सरकारी हस्तक्षेपले अब यो पनि हुने स्थिति देखिंदैन । सर्वोच्चका न्यायाधीशहरुको मर्यादा क्रमलाई लत्याउँदै एकाएक चौथो वर्गीय क्रमका न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने प्रम बालेनको निर्णयले अब अन्ततः न्यायलयमा पनि सरकारको प्रत्यक्ष असर पर्ने निश्चित छ।

स्थगित संसदीय सदन चालु छ । सरकारको आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम पनि पेश भइसकेको छ । सदनमा उक्त कार्यक्रम पेश भइरहँदा केही नयाँ र उदेग लाग्दा झलकहरु पनि देखिए। त्यसलाई राष्ट्रपतिले वाचन गरिरहँदा प्रधानमन्त्री बालेन शाह एकाएक त्यहाँ नबसी बाहिरिए भने अर्का अर्थमन्त्री मस्तसित निदाइरहेको देखियो। यसको अर्थ त्यो केही पनि होइन, खाली बनावटी देखाउनका लागि मात्र पेश गरिएको हो। न त्यसप्रति प्रधानमन्त्रीको रुचि देखियो न अर्थमन्त्री र अरु रास्वपाका मन्त्री र सांसदहरुको नै रुची देखियो। त्यसमा अझ छलफलपछि प्रधानमन्त्रीले प्रतिउत्तर दिनुपर्नेमा सदनमै उपस्थित नभई अर्थमन्त्रीलाई त्यसको प्रतिउत्तर दिने भनेपछि प्रतिपक्षी दलहरुले त्यसको विरोध गरी सदन नै बहिष्कार नै गरे । यसरी अन्ततः माथि क. लेनिनले भने जस्तै यस्ता संसदीय सदन वास्तवमा बाहिर खसीको टाउको देखाएर भित्रभित्रै कुकुरको मासु बेच्ने भने जस्तै रमिता भएको छ।

देशमा महँगी बढ्दो छ । सुकुम्वासीहरुको चिल्लीबिल्ली छ । कालापानी, लिपुलेकमाथि भारतीय हस्तक्षेप गरी त्यहीबाट भारत, चीन आदानप्रदान गर्ने घोषणा भइसकेको छ । यस्तो अवस्थामा सरकार अनि सत्ताधारी पार्टी गम्भीर भई समस्याको समाधानमा लाग्नु पर्नेमा उल्टै प्रतिपक्षी दलहरुलाई कुनै वास्ता नै नगरी काग कराउँदै छ पिना सुक्दैछ भने जस्तै गरी सरकार आफ्नो पारामा बेवास्ता गरी अघि बढिरहेको छ। सदन-प्रतिपक्षप्रति कुनै रुची नै छैन । अध्यादेशमार्फत् शासन सत्ता सञ्चालन गर्ने निरंकुशता बालेन सरकारले देखाउँदैछ । त्यसलाई साथ दिने काम नेपाली सेनाबाट भएको छ। त्यही भएर बालेन शाह ढुक्क छन्। अब अरु कसैले पनि उनलाई केही गर्न सक्ने स्थिति छैन। हुन पनि जेनजी आन्दोलनमा नेपाली सेनाको भूमिका अत्यन्त रहस्यात्मक नै देखियो। बालेन शाहकै निर्देशनअनुसार त्यति बेलादेखि सेना परिचालित हुँदै आएको छ। राष्ट्रपतिप्रति सेनाको कुनै मतलब छैन । गएको निर्वाचनमा सेना परिचालित हुनु र अहिले पनि सुकुम्वासी बस्ती हटाउनमा समेत सेना परिचालित छ। अब क्रमशः सेना एकपछि अर्को रुपमा परिचालित हुन सक्ने गम्भीर अवस्थामा देखिंदैछ।

यसभन्दा पहिलेको एउटा लेखमा मैले बालेन ज्ञानेन्द्र पथमा भनेको थिएँ । हिजो पूर्व राजा ज्ञानेन्द्रले सबै दलहरुलाई वाइपास गरेर जुन खालको निरंकुश शासन सत्ता चलाउने प्रयत्न गरेका थिए । त्यो त्यतिबेला असफल भयो । त्यसमा मुख्य हात तत्कालीन नेपाली शाही सेनाको थियो । अर्थात् ज्ञानेन्द्रले भनेअनुसार सेना चलेन उल्टै ज्ञानेन्द्र नै बाहिरिनु पऱ्यो । तर अहिले सेना बालेनको पक्षमा देखिन थालेको छ। एमसीसी त देशमा लागू भइसकेको छ। अब एसपीपी पारित गराउने कसरतमा सेना तल्लिन छ। देशमा जेनजी आन्दोलनदेखि करिब दुई तिहाई चुनावी जनमत अनि बालेन सरकारको गठन यो सबैका लागि पश्चिमा साम्राज्यवादी शक्ति केन्द्रको आड भरोसा छ। त्यही भएर प्रम बालेन असनको छाडा साढे जस्तै मत्त भई हिंडेका छन्। उनलाई अरुको केही मतलब छैन । राष्ट्रिय रुपमा नेपाली सेना अनि अन्तर्राष्ट्रिय रुपमा पश्चिमा साम्राज्यवादको साथ र आड भरोसा भए अरु उनलाई केही चाहिंदैन।

अरु दलहरुको कुरा छोडौं स्वयं रास्वपाप्रति पनि उनको त्यति रुचि छैन । उस्तै परेपछि कुनै बेला दलहरु माथि नै प्रतिबन्द लगाई सैनिक शासन सञ्चालन गर्न समेत बालेनपछि नपर्लान्, शंका गर्ने ठाउँ प्रशस्त छ। तर फेरि जनता यति छिट्टै सचेत हुन थालेका छन्। अहिले नै सदन, सडक चारैतिर बालेन सरकारको राजीनामाको माग भइसकेको छ। स्वयं हिजो आमा भनी चिनिएकी पूर्व प्रधानमन्त्री तथा प्रधानान्यायाधीश सुशीला कार्कीले समेत प्रम बालेनको विरोध गर्न थालिसकेकी छिन् । हिजो जुन बेला अर्थात् चुनावी अभियानमा बालेनको जनसमर्थन थियो त्यो अहिले खस्किंदैछ। सम्भवतः अब एक दुई महिनाभित्रै बालेन सरकारको भविष्यको छिनोफानो हुनेछ ।

# नेप्से परिसूचक १० अङ्कले घट्यो



काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार १० दशमलव शून्य सात अङ्कले ओरालो लागेर दुई हजार सात सय ३० दशमलव १७ मा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३४ अङ्कले ओरालो लागेर चार सय ६७ दशमलव २० मा सिमित भएको हो ।

तीन सय ३७ कम्पनीको ७९ लाख ५८ हजार ७५२ कित्ता शेयर रु तीन अर्ब २९ करोड दुई लाख ४४ हजार छ सय १९ मूल्यमा खरिद बिक्री भएको छ। नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स, साहस ऊर्जा, एसवाई प्यानल नेपाल, युनियन हाइड्रोपावर र माउण्टेन इनर्जी नेपाल शीर्ष स्थानमा छन् ।

युनियन हाइड्रोपावर, क्रेस्टमाइक्रो लाइफ इन्स्योरेन्स, एनआइबिएल स्टेवल फण्ड, एनएमबी हाइब्रिड फण्ड र हिमालयन-८० का लगानीकर्ताले कमाएका छन् । त्यस्तै, एसियन हाइड्रोपावर, हिमालयन इन्स्योरेन्स, नारायणी डेभलपमेन्ट बैंक, रिजलाइन इनर्जी र भुजुङ हाइड्रोपावरका लगानीकर्ताले भने गुमाएका छन् ।

# गर्मीयाममा कोल्ड ड्रिङ्क्स पिउनुभन्दा खरभुजा खानुका यस्ता छन् फाइदा

गर्मीयाम सुरु भएसँगै बजारमा विभिन्न किसिमका फलफूलहरु पाइन्छन् । गर्मीका बेला शरीरमा पानीको पनि कमी हुने भएकाले फलफूलको बढी सेवन लाभदायक मानिन्छ। गर्मीयाममा शरीरिरलाई फ्रेस राख्न फलफूल निकै फाइदा जनक मानिन्छ।

गर्मी मौसम लागेसँगै बजारमा खरभुजा जतातत्तै पाउन थालिसकेको छ । गर्मीयाममा खरभुजा शरीरको लागि धेरै फाइदाजनक मानिन्छ । यसले शरीरमा पानीको मात्रा पूर्ति गर्नुका साथै छालामा चमक ल्याउँछ । गर्मीमा कोल्ड ड्रिङ्क्स पिउनुभन्दा खरभुजा खानु उत्तम हुन्छ।



खरबुजा एउटा यस्तो फल हो जसमा पानीको मात्रा अत्यधिक हुन्छ। त्यसैले गर्मीमा यसको सेवनले शरीरमा पानीको कमी हुन दिँदैन भने शरीर विशेषगरी पेटलाई चिसो बनाइराख्छ। खरबुजा तौल घटाउन पनि निकै सहयोगी हुन्छ।

**खरबुजा खाँदा यस्ता छन् फाइदा :-**

पत्थरी भएकालेः जसको मृगौलामा पत्थरी छ, उनीहरुले खरबुजा धेरैभन्दा धेरै खानुपर्छ। खरबुजामा अत्यधिक पानी हुन्छ र यसले मृगौलालाई डिटक्स गर्न मद्दत गर्छ, त्यसकारण यो खाँदा फाइदा नै हुन्छ।

तौल घटाउन : तौल नबढ्ने खानाको खोजीमा हुनुहुन्छ भने खरबुजा तपाईंका लागि राम्रो विकल्प हुनसक्छ। खरबुजामा निकै थोरै क्यालोरी हुन्छ र यो खाएपछि चाँडै भोक लाग्दैन । सय ग्राम खरबुजामा मात्र ३० ग्राम क्यालोरी हुन्छ । यसमा करिब १ मिलिग्राम सोडियम, कार्बोहाइड्रेट ८ ग्राम, फाइबर ०.४ ग्राम, सुगर ६ ग्राम, भिटामिन ए ११ प्रतिशत, भिटामिन सी १३ प्रतिशत, प्रोटिन ०.६ ग्राम पाइन्छ।

प्रतिरोधी क्षमता बलियो बनाउन : भिटामिन सी र ए प्रचुर मात्रामा भएको खरबुजाले प्रतिरोधी क्षमता बलियो बनाउँछ । यो आँखाका लागि पनि निकै फाइदाजनक मानिन्छ।

दिमाग शान्त बनाउँछः खरबुजा चिसो फल हो । यो खाँदा पेट मात्र नभइ दिमाग पनि शान्त रहन्छ। यसको बियाँलाई पिसेर निधारमा लगाउँदा टाउको दुखेको पनि कम हुन्छ।

उच्च रक्तचाप भएकालाईः रच्च रक्तचापको समस्या भएकाले खरबुजा खानुपर्छ। खरबुजामा निकै कम सोडियम हुन्छ र यो चिसो पनि हुन्छ।

बुटवलमा प्रि–बजेट छलफल :

# उत्पादन र निर्यात प्रवर्द्धनमुखी बजेट ल्याउन सुझाव




बुटवल। आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटलाई लक्षित गरेर बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले प्रि-बजेट छलफल कार्यक्रम गरेको छ। बिहीबार आयोजना गरिएको कार्यक्रममा निजी क्षेत्रका उद्योगी व्यवसायीहरूले उत्पादन, लगानी, उद्योग तथा रोजगारी प्रवर्द्धनमुखी बजेट ल्याउन सरकारलाई सुझाव दिएका छन् ।

कार्यक्रममा सहभागी उद्योगी, व्यवसायीहरुले अहिलेको आर्थिक शिथिलता अन्त्य गर्न कर प्रणालीलाई सरल र व्यवहारिक बनाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले बैंक ब्याजदर नियन्त्रण, लगानीमैत्री वातावरण निर्माण, साना तथा मझौला उद्योगलाई सहुलियत, कृषि तथा पर्यटन क्षेत्रको प्रवर्द्धन र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्न सुझाव दिएका छन् ।

उनीहरुले सामानको खरिद-बिक्रमा कर तथा राजश्व बढी भन्दा बढी चाहिने र कमभन्दा कम मुल्यमा उपलब्ध गराउनुपर्ने सरकारी दृष्टिकोण आफैमा विरोधाभास भएको औंल्याउँदै उद्योग तथा व्यापार व्यवसाय फस्टाउँदा मात्रै मुलुकको अर्थतन्त्र पनि सुदृढ हुनसक्ने भनाइ राखेका थिए ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य कर प्रशासनका ज्ञाता अम्बिकाप्रसाद पौडेलले नीतिगत अस्पष्टता, विरोधाभास शब्दावलीका कारण उद्योगी व्यवसायीहरुले धेरै समस्यासंग जुध्नुपरेको बताए । उनले सरकारलाई कर तथा राजश्व बढीभन्दा बढी चाहिने र उपभोक्तालाई कम भन्दा कम मुल्यमा उपलब्ध गराउनुपर्ने विरोधाभास नीति परिवर्तनको माग गरे ।

त्यस्तैगरी नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य समेत रहेका बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्ने नीति नल्याएसम्म अर्थतन्त्र चलायमान हुन नसक्ने बताए । उनले आगामी बजेटले निजी क्षेत्रको मनोबल बढाउने र आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने बताउँदै छलफलबाट प्राप्त सुझावहरू आवश्यकताका आधारमा स्थानीय, प्रदेश र संघीय सरकारसमक्ष पठाइने बताए । उनले प्राप्त सुझाव कार्यान्वयन गराउनका लागि महासंघले समेत पहल गर्ने उद्योगी व्यवसायीलाई जानकारी गराए ।

कार्यक्रममा आन्तरिक राजश्व कार्यालय बुटवलका प्रमुख कर अधिकृत हरि बस्याल, भैरहवा भन्सार कार्यालयका प्रमुख कर अधिकृत हरिहर पौडेलले औपचारिक रुपमा सुधार गर्नुपर्ने कुराहरुलेखेर पठाइसकेको जानकारी गराउँदै सुधार हुनेमा आशा व्यक्त गरे । उनले आर्थिक ऐन सुधारका लागि संघले गरेको पहल र पैरवीले सकारात्मक प्रभाव पार्ने पनि विश्वास व्यक्त गरे ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका पूर्वअध्यक्षहरु ज्ञानेन्द्र कसजू, नवराज श्रेष्ठ, सुरेन्द्रप्रसाद श्रेष्ठले उद्योग सञ्चालनमा देखिएका प्रशासनिक झन्झट हटाउन, निर्यात प्रवर्द्धन गर्ने तथा युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने खालको बजेट आवश्यक रहेको धारणा राखे ।

संघका आर्थिक परामर्शदाता सिए हरि लम्सालले उद्योगमा आउने सामान र व्यापारमा आउने सामानको भन्सार शुल्क फरक हुनुपर्ने, बैंकको व्याजदरमा पनि उक्त प्रावधान हुनुपर्ने, उधारो सम्बन्धि कानुन बनाईनु पर्ने, आयात हुने खाद्यबस्तुको भन्सारमै ल्याव परिक्षणको व्यवस्था, उद्योगका मेरिन रिपेयरिङमा लैजान सहज वातावरण बनाउन आग्रह गरे । त्यस्तै कृषि परामर्शदाता डा. प्रदिप शर्मा पौडेलले उत्पादन बृद्धिका लागि उन्नत बिउविजन, मल तथा सिचाई, प्रविधि र यान्त्रिकीकरण सुनिश्चितताको माग गरे । आधुनिक खेती विस्तार, प्रतिस्पर्धी क्षेमताको उत्पादनलाई प्राथमिकता, किसानलाई सहुलियत, सुलभ व्याजदर, बजार व्यवस्थापन, लागतअनुसार उचित मूल्य, बैदेशिक रोजगारीबाट फर्किएकालाई सीप तथा परियोजना धितो राखेर सहुलियत ऋणको व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

त्यसैगरी भन्सार एजेन्ट संघ रुपन्देहीका अध्यक्ष मधु पन्थीले पनि आर्थिक ऐनमा समावेश गर्नुपर्ने कुराहरु सुझाव दिएका छन् । उनले उद्योगी व्यवसायीहरुले भूलवस बढी तिरिएको राजस्व फिर्ता गर्नुपर्ने प्रावधान ल्याउन आग्रह गरे । सर्वरमा आउने समस्याका कारण उद्योगी व्यवसायीको व्ययभार बढेको बताउँदै सर्वरलाई उच्च गुणस्तरको बनाउन र त्यसका कारण भोग्नुपरेको थप व्ययभारको क्षेतीपूर्तिको व्यवस्था हुनुपर्ने बताए । उनले भन्सार र ट्राफिक प्रहरी विचको समन्वय अभाव रहेको बताउँदै आपसमा बाँझिएका ऐन कानुनलाई एकद्वार बनाउन सुझाव दिए । उनले अधिकतम खुद्रा मुल्य (एम.आ.पी.) कार्यान्वयनले उद्योगी व्यवसायीलाई थप समस्या आउने भएकाले यसलाई स्थगन गर्न सुझाव दिए ।

संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेको धन्यवाद तथा महासचिव मुक्तिप्रसाद अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा संघका पदाधिकारी, कार्यसमितिका सदस्य तथाउद्योगी, व्यवसायी तथा सरोकारवालाहरूले आगामी बजेट र आर्थिक ऐनका बारेमा धारणा सहित सरकारलाई सुझाव दिएका थिए ।

# ४ जीपीए ल्याएका चारजनासहित एसईई उत्तीर्णलाई मणिमुकुन्द माविको सम्मान



बुटवल । बुटवल ११ योगिकुटीमा रहेको मणिमुकुन्द माध्यमिक विद्यालयले उच्चतम ग्रेड फोर जीपीए ल्याएका चार जनासहित एसईई उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान गरेको छ।

३४ जना विद्यार्थीले एसईई दिएकामा श्रृजन आचार्य, सुसन अर्याल, निहार पौडेल र अनन्त भण्डारीले ४ जीपीए ल्याएका थिए।

यस्तै १० जनाले ए प्लस, १३ जनाले ए र ७ जनाले बी प्लससहित शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थियो । एसईई दिएका विद्यार्थी संख्याको हिसाबले मणिमुकुन्दले प्राप्त गरेको उपलब्धी निकै ठूलो र ऐतिहासिक भएको विद्यालयले जनाएको छ। विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय सञ्चालक समितिलगायतको सहभागितामा आयोजित कार्यक्रममा प्राचार्य टुकबहादुर क्षेत्री,उप प्राचार्य दिवाकर खनाल, सञ्चालक समिति उपाध्यक्ष उमापति न्यौपाने, सञ्चालक समिति सदस्य डा. अनन्तगोपाल सिँह, विद्यालय संयोजक हरिप्रसाद पौडेललगायतले एसईई उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान गरेका हुन् ।

विद्यार्थीलाई सम्मान गर्दै संस्थाका प्राचार्य टुकबहादुर क्षेत्रीले एसईईमा सहभागी भएदेखि नै उत्कृष्ट नतिजासहित शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएकोमा यसपटक उत्कृष्तामा पनि रेकर्ड ब्रेक गरेर नयाँ इतिहास रचेको बताए ।

अनुशासन र संस्कारसहितको शिक्षा प्रदान गरेका कारण मणिमुकुन्द विद्यार्थी र अभिभावकको निरन्तर रोजाइको शैक्षिक संस्था बनेको प्राचार्य क्षेत्रीले बताए। '३४ जनामा ४ जनाको जीपीए फोर आउनु अब्बल नतिजा र उत्कृष्टताको निरन्तरता हो, यस्तो सफलता आउनुमा विद्यार्थी, शिक्षक र अभिभावकको संकल्प, अनुशासन र मेहनतले नै हो ।'-प्राचार्य क्षेत्रीले भने ।

प्राचार्य क्षेत्रीले मणिमुकुन्दले कक्षा ११ र १२ मा विज्ञान र व्यवस्थापन विषय पनि अध्यापन गराउने भएकाले अन्यत्र विकल्प खोज्न आवश्यक नभएको बताए । विद्यालय सञ्चालक समितिका उपाध्यक्ष उमापति न्यौपानेले उत्कृष्ट नतिजा आउनुमा शिक्षक, विद्यार्थी र अभिभावकको साझा मेहनतको प्रतिफल भएको बताए ।

उनले परीक्षामा फोर जीपीए ल्याउनुभन्दा जीवनमा फोर जीपीए ल्याउनु झनै महत्वपूर्ण हुने बताए । उपाध्यक्ष न्यौपानेले विद्यार्थीहरुले गुरु र अभिभावकको सल्लाह सुझाव सधैं ग्रहण गर्नु पर्ने सुझाव दिंदै परीक्षामा ल्याएको अंक को आधारमा आफ्ना सन्तानको तुलना अरुसंग गर्नु नहुने जनाए।

कार्यक्रममा विद्यालयका संयोजक हरिप्रसाद पौडेलले अहिलेको नतिजा राम्रो भएको बताउँदै आगामी दिनमा चुनौती सामना गर्दै अझै लगनशिल भएर अध्ययन गर्न विद्यार्थीलाई सुझाव दिए। जीपीए ४ ल्याएका विद्यार्थी सिर्जन आचार्यले उत्कृष्ट शैक्षिक वातावरणका कारण उत्कृष्ट नतिजा आएको र यसमा शिक्षक, अभिभावक र साथीहरुको समर्थनले सफल भएको बताए।

कार्यक्रममा शिक्षक रमेश सुवेदी, अभिभावक ज्ञानु अर्यालले बोल्दै मणिमुकुन्दको अहिलेको नतिजा सर्वोत्कृष्ट रहेको बताउँदै गुणस्तरीय शिक्षाको पर्याय मणिमुकुन्द बनिरहेको बताए।

बि.सं. २०७५ सालदेखि प्ले ग्रुपदेखि कक्षा १० सम्म पठनपाठन हुँदै आएको विद्यालयले पहिलो वर्षदेखि नै शतप्रतिशत नतिजा निकाल्न सफल भएको कार्यक्रम सञ्चालक विद्यालयका शिक्षक प्रकाश सुवेदीले बताए।

विद्यालयमा ८३० जना विद्यार्थीहरु अध्ययनरत रहेका छन्। सो अवसरमा कक्षा १० अध्यापन गर्ने शिक्षकहरुलाई सम्मान समेत गरिएको थियो।

# सामूहिक अनुशिक्षणले फेरिएको महिलाको नेतृत्व

**अनिल नेपाली**
*अर्घाखाँची*

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. २, १० र भुमिकास्थान नगरपालिका वडा नम्बर ३ , ४ का महिलाहरु, जो कहिल्यै चुल्होचौकाबाट बाहिर आउन सक्दैनथे, कहि कतै गएर पनि बोल्न सक्दैन थिए, अहिले उनीहरूमा परिवर्तन आएको छ, उनीहरूले अहिले आएर नेतृत्वमा परिवर्तन देखि विकास आयआर्जन समाज रूपान्तरण आफ्नो अधिकारसम्मका काममा नेतृत्वदायी भूमिकामा देखिन थालेका छन् । सामाजिक न्यायकालागी रुपान्तरण अभियानअन्तरगत हाम्रो शाहस परियोजनाद्वारा दलित महिला संघ र युएन वुमनको सहकार्यमा दलित चेतना विकास परिषद् नेपाल, अर्घाखाँचीले अधिकार संरक्षण परियोजनाअन्तर्गत गठन भएका आत्मनिर्भर महिला समूहहरुमार्फत् महिलाहरुको जीवनशैली उल्लेखनीय रुपमा फेरिएको उनीहरूले हरेक कार्यक्रममा नेतृत्व लिन सक्ने भएका छन् ।

**महिलाको सामूहिक नेतृत्व**

सन्धिखर्क नगरपालिका वडा नं. १० बराप पैरवी समूहकी मन्जु विक पहिला कतै गएर बोल्न सक्ने समूहमा सहभागिता जनाउन अवसर पनि पाइन, उनीमा अवसर पाए मैले केही गर्न सक्छु भन्ने ढृड ईच्छा शत्ति र चाहाना थियो, त्यो चाहानलाई हाम्रो साहस परियोजनाले साकार पारिदिएको छ । अहिले उनीमा समाज रूपान्तरण नेतृत्व विकासमा भूमिका खोज्न थालेकि छिन् । त्यस्तै कुर पैरवी समूहकी अध्यक्ष राधा घिमिरे पनि त्यस्तै थिइन्, अहिले उनीमा कार्यक्रममा जनसहभागिताको महत्त्व, आवश्यकता, पहिचानको महत्त्व खोज्न थालेकी छिन् । त्यस्तै कुसुन्डाँडा पैरवी समूहकि अध्यक्ष विमला नेपालीलाई विकासलगायत समाज रूपान्तरणको बारेमा केही थाहा थिएन, अहिले उनीमा विकास निर्माण कार्य कहिले, कसरी हुन्छ भन्ने थाहा नहुने महिलाहरु अहिले वडा कार्यालयसँग हातेमालो गर्दै गाउँकै विकासका योजनाहरुसँग पनि सहकार्य गर्न अघि सर्ने प्रयास गरिरहेका छन् ।

भूमिकास्थान नगरपालिका वडा नं. ३ चौतारा पैरवी समूहका अध्यक्ष मीना घर्तीमगरका अनुसार हामीलाई पहिले विकासका बारेमा कुनै जानकारी थिएन । 'समूहमा बसेपछि मात्र योजना बनाउने तरिका सिक्यौँ । अहिले त हाम्रो बजेट माग्न जान सक्ने वडामा पनि योजनाको लागि दबाब सिर्जना गर्न सक्ने भएका छौं ।'-उनले भनिन् । उनीहरुको यस सक्रियताले गाउँमा महिलाको भूमिका प्रति समुदायको दृष्टिकोण नै परिवर्तन गरेको छ ।

**सामाजिक चेतनामा उल्लेखनीय सुधार**

संस्थाले लिएको अभियान, समावेशी सशक्तिकरण, र जातीय, लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्दै आएको बताउदै संस्थाले समुदायसँग मिलेर विभिन्न परियोजनाहरू सञ्चालन गर्ने र महिला सशक्तिकरण तथा दिगो विकासमा जोड दिँदै महिलाको सामूहिक नेतृत्वमा जोड दिएको संस्थाकी कार्यक्रम सहजकर्ता राधा नेपाली बताइन् ।

नेपालीका अनुसार, संस्थाले 'हाम्रो साहस परियोजना' अन्तर्गत सामाजिक हानिकारक मूल्यमान्यता न्यूनीकरण एवं लैङ्गिक समानताका लागि सामाजिक मूल्यमान्यता परिवर्तन परियोजना सञ्चालन गरिरहेको छ । यस परियोजनाको मुख्य लक्षित वर्गमा महिला, दलित समुदाय र युवाहरू रहेका छन् । यसको उद्देश्य सामाजिक कुरीति न्यूनीकरण, संस्थागत क्षमता अभिवृद्धि र लैङ्गिक हिंसा न्यूनीकरण गर्नु हो । कार्यक्रमले महिला तथा पछाडि पारिएका समुदायको सशक्तिकरणमा थप सुदृढीकरण गर्ने विश्वास लिइएको छ। परम्परागत सोंच र व्यवहार परिवर्तन गर्न यो कार्यक्रम महत्वपूर्ण हुने राधा नेपालीले बताइन् ।

उनले न्यायबाट टाढा रहेका र बेसहारा अवस्थामा जीवन बिताइरहेका अन्याय तथा हिंसामा परेका महिलाहरूलाई जीविकोपार्जनसँग जोड्न सबैको सहयोग आवश्यक रहेकोमा जोड दिइन् । आर्थिक रूपमा कमजोर महिलाहरूलाई सशक्त बनाउँदै उनीहरूको आत्मबल र अधिकारको पुनःस्थापनामा समेत उनले जोड दिइन् ।

**जीवनस्तरमा सुधार**

समूहमा आवद्ध महिलाहरू अहिले आयआर्जन मात्र होईन, सामाजिक नेतृत्व, घरेलु निर्णय, योजना निर्माण र समुदायको विकासमा पनि सक्रिय देखिन थालेका छन् । उनीहरुको सक्रियताले ग्रामीण बस्तीमा परिवर्तनको नयाँ उदाहरण पनि संस्थाले सञ्चालन गरेको कार्यक्रमले स्थापित गरेको छ।

**महिलामा भएको सामूहिक परिवर्तन**

भूमिकास्थान र सन्धिखर्कका महिला समूहहरुको प्रयासले गर्दा देखाएको परिवर्तनले प्रमाणित गर्न सक्ने सन्देश दिएको छ । त्यसैले महिला सक्रिय भए परिवार उकासिन्छ, परिवार उकासिँदा समाजै परिवर्तन हुन्छ। जब महिलालाई अवसर, पहुँच र विश्वास दिइन्छ, उनीहरु समुदाय विकासको सबैभन्दा बलियो आधार बन्न सक्छन्।

# पञ्चकन्या रूपन्देही सुपरलिगः बुद्ध क्रिकेट क्लब ३ विकेटले विजयी




भैरहवा। रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको बिहीबारको खेलमा बुद्ध क्रिकेट क्लब विजयी भएको छ । बुद्धले जेआर क्रिकेट क्लबलाई ३ विकेटले हराउँदै जित हात पारेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको जेआरले निर्धारित ५० ओभरको खेलमा ४५ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ४० रन जोड्यो। उसका लागि खडक बोहराले २६, विशाल भुसालले २४, दिनेश विष्टले २१, राज खनालले १९, बिमल भट्टराईले १४, गगन अधिकारीले ११ र अनमोल श्रीस थापाले १० रन बनाए । बलिङमा बुद्धका दिलसाद अलीले ३, विपिनप्रसाद शर्मा र अमित अग्रहरीले २-२ तथा गौतम जिसी, अजय त्रिपाठी र प्रवेज अन्सारीले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बुद्धले ३१ ओभरमा ७ विकेट गुमाएर १ सय ४१ रन बनाउँदै जित निकाल्यो । उसको जितमा सुरज पौडेलले २७, मिथलेश यादवले २६, दिलसाद अलीले २५, गौतम जिसीले २२ र हरिकेश मुराउले १० रन बनाए। बलिङमा जेआरका दिनेश विष्टले २ तथा घनश्याम पाण्डे, कृष्ण पन्थी, विशाल भुसाल र विनय जिसीले समान १-१ विकेट लिए। खेलमा दिलसाद अली प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट व्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उप-विजेता पुरस्कारको प्रायोजन गरेका छन्। यसैगरी सिद्धार्थ उद्योग बाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन्।

# मौरी पकेट निरन्तरको सार्वजनिक सुनुवाइ

अर्घाखाँची । अर्घाखाँची जिल्लाको ढाकावाङ्गमा कार्यक्षेत्र रहेको प्रगति कृषि सहकारी संस्थाले मौरी पकेट निरन्तर कार्यक्रमअन्तर्गत वितरण गरिएको मौरी घार तथा सम्बन्धित सामग्रीको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा सहकारीमार्फत् कृषकहरूलाई वितरण गरिएको सामग्री तथा खर्च विवरण सार्वजनिक गरिएको थियो । भूमिकास्थान नगरपालिकाको २ लाख ९९ हजार ३ सय ६० रुपैयाँ अनुदान तथा सहकारीको २ लाख ८९ हजार ३ सय ६० रुपैयाँ लगानी गरी कुल ५ लाख ८८ हजार ७ सय २० रुपैयाँ बराबरका सामाग्री वितरण गरिएको जानकारी दिइयो। कार्यक्रमअन्तर्गत ४ फ्रेम सहितका ४७ गोला रानुसहितका मौरी घार, सुपर सहितका १५ थान मौरी घार, ५० थान रानु ढोका, १०० थान मह प्याकिङ बट्टालगायतका आवश्यक सामाग्री कृषकहरूलाई वितरण गरिएको सहकारीले जनाएको छ।

कार्यक्रममा बोल्दै झविलाल थापाले कृषिलाई उत्पादनसँग मात्र नभई व्यवसाय र रोजगारीसँग जोड्न आवश्यक रहेको बताए । उनले ढाकावाङ्ग क्षेत्र मौरीपालनका लागि उपयुक्त स्थान भएकाले यहाँका कृषकहरूले व्यवसायिक रूपमा अगाडि बढ्नुपर्ने धारणा राखेका थिए । नगरपालिकाले कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न अनुदानमुखी कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै उनले अनुदानको सही सदुपयोग हुनुपर्नेमा जोड दिए। त्यसैगरी कृषि शाखा प्रमुख प्राविधिक युवराज आचार्यले केही कृषकहरूले अनुदानका सामग्री लिए पनि निरन्तरता नदिने प्रवृत्ति देखिएको भन्दै त्यसतर्फ सचेत हुन आग्रह गरे। उनले मौरीपालनलाई केवल अनुदान प्राप्त गर्ने माध्यमका रूपमा होइन, व्यवसायिक सोचका साथ अघि बढाउनुपर्ने बताए। उनले सहकारी र कृषक दुवैले जिम्मेवार भएर कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने धारणा राखेका थिए।

सहकारीका अध्यक्ष भुवानन्द भुसालले सहकारीले कृषकको आर्थिकस्तर उकास्न विभिन्न कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । उनले मौरी पकेट कार्यक्रमले कृषकलाई व्यवसायिक मौरीपालनतर्फ आकर्षित गर्ने विश्वास व्यक्त गरे।

**श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समूह**
बर्दघाट न.पा.-१०, भुतहा, नवलपरासी (ब.सु.प.)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/०२/१ गते

यस श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समूह, बर्दघाट न.पा.-१०, भुतहा, नवलपरासी (ब.सु.प.)को वनमा ढलापडा र पुनरोउत्पादन कटानवाट उत्पादन भै बर्दघाट न.पा.-१०, अमरदिप, नवलपरासी (ब.सु.प.)को घाट्गद्दीमा लट बनाई राखिएको विभिन्न ग्रेडको साल जातको गोलिया थान-५५ को ४११.५८ क्यू.फीट, असना गोलिया थान-१० को १८३.९० क्यू.फीट, केमुना जातको गोलिया थान-४ को १०.२७ क्यु.फिट, जिङ्गड जातको गोलिया थान-१५ को ६५.२५ क्यु.फिट, बाँझी गोलिया थान ८ को २९.४८ क्यु.फिट र जामुन जातको गोलिया थान-२ को १८.६८ क्यु.फिट गरि कुल गोलिया थान-९४ को ७१९.१६ क्यू.फीट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८३/०२/२२ गते भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**बम बहादुर खत्री**
**अध्यक्ष**

**हकदाबी सम्बन्धी लिक्विडेटर कार्यालयको ३५ दिने सूचना**

मिति २०७६/०२/१७ गते दर्ता नं. २१६४२४ मा दर्ता भएको युनाईटेड ग्रुप अफ ट्रान्सपोर्ट प्रा.लि.को मिति २०८३/०१/३० मा सम्पन्न विशेष साधारण सभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम उक्त कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको बाँकी बक्यौता भुक्तानी लिन रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र प्रमाणसहित लिक्विडेटरको कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनीको लिक्विडेसन गरिने व्यहोरा सम्बन्धित सवैको लागि सूचित गरिन्छ।

लिक्विडेटरः मनोज भुसाल (लिक्विडेटर इजाजत पत्र नं. ६२०)
ठेगानाः बुटवल-०४, रुपन्देही (सम्पर्क नं. ९८५७०३२१०२)

**बिमालेख हराएको सूचना**

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को बिमालेख यही मिति २०८२।१२।०१ गते बर्दघाटदेखि परासी आउँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

विमित नामः सुदामा बानियाँ
ठेगानाः प्रतापपुर-६, नवलपरासी
बिमालेख नम्बरः २५१११५५२६
मोबाइल नम्बरः ९८१३६६१५८७

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# दीपको उल्लासपूर्ण नतिजा : एसईईमा ७ जनाले जीपीए ४



बुटवल । २०८२ सालमा भएको कक्षा १० अर्थात् एसईईको नतिजा सार्वजनिक हुँदैगर्दा केही उत्कृष्ठ विद्यालयका विद्यार्थीहरुले मात्रै जीपीए ४ ल्याएका छन् । विगतका वर्षहरुमा पनि उत्कृष्ठ नतिजा दिइरहेको बुटवल ८ सुख्खानगरमा रहेको दीप बोर्डिङ् हाई स्कुलले यो वर्ष अझै रोमाञ्चक नतिजा ल्याएको छ । विद्यालयका ७ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । आशिका पाण्डे, वृषिका थापा क्षेत्री, डिम्पी केसरी, साहिल मण्डल, समर्पण केसी, सोमिन पिया र रिजन पोखरेलले उच्चतम ग्रेड हासिल गरेका हुन् । विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले उत्कृष्ट नतिजामा शिक्षक, कर्मचारी तथा अभिभावकको योगदान महत्त्वपूर्ण रहेको बताए ।

बुटवल पछिल्लो समय नेपालकै महत्वपूर्ण शिक्षा गन्तव्यका रूपमा स्थापित हुँदै जानुमा दीपको नाम अग्रपंक्तिमा आउँछ । जसले आफ्नो स्थापना कालदेखि नै गुणस्तरीय शिक्षा, अनुशासन र विद्यार्थीको सर्वाङ्गीण विकासमा उल्ले खनीय योगदान पुर्‍याउँदै आएको छ ।

वि.सं. २०३७ सालमा स्थापना भएको दीप बोर्डिङ् हाई स्कुलले चार दशकभन्दा लामो शैक्षिक यात्रामा आफूलाई केवल एक विद्यालयका रूपमा मात्र सीमित नराखी समाज परिवर्तनको महत्वपूर्ण माध्यमका रूपमा स्थापित गरेको छ ।

४५ वर्षभन्दा बढीको निरन्तर यात्रामा विद्यालयले हजारौं दक्ष, सक्षम र जिम्मेवार जनशक्ति उत्पादन गरिसकेको छ, जसले आज देश तथा विदेशमा विभिन्न क्षेत्रमा योगदान दिइरहेका छन् । यस अर्थमा दीप बोर्डिङ् हाई स्कुल बुटवलको मात्र नभई राष्ट्रकै एक महत्वपूर्ण शैक्षिक धरोहरका रूपमा उभिएको छ ।

हाल करिब २ हजार ७ सय विद्यार्थी अध्ययनरत रहेको यस विद्यालयले गुणस्तरीय शिक्षासँगै अनुशासन, संस्कार र व्यवहार निर्माणलाई आफ्नो मूल उद्देश्य बनाएको छ । विद्यालयले सुरुदेखि नै शिक्षा केवल परीक्षा पास गराउने माध्यम मात्र नभई जीवनोपयोगी सीप, व्यवहारिक ज्ञान र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने प्रक्रिया हो भन्ने मान्यतालाई आत्मसात गर्दै आएको छ ।

यही सोंचका कारण विद्यालयले शिक्षण-सिकाइ प्रक्रियामा निरन्तर नवीनता, सिर्जनशीलता र व्यवहारिकतालाई प्राथमिकता दिएको छ ।

विद्यालयका प्राचार्य टिकाराम न्यौपानेका अनुसार विद्यार्थीलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी प्रयोगात्मक, अनुसन्धानमुखी र प्रोजेक्टमा आधारित सिकाइमार्फत् उनीहरूको वास्तविक क्षमता विकास गर्नु आवश्यक हुन्छ । यही अवधारणालाई व्यवहारमा उतार्दै विद्यालयले आधुनिक शिक्षण पद्धति अपनाएको छ, जसले विद्यार्थीलाई २१औं शताब्दीका चुनौती सामना गर्न सक्षम बनाएको छ ।

दीप बोर्डिङ् हाई स्कुलको शैक्षिक उपलब्धि अत्यन्त उल्लेखनीय छ । एसईईलगायतका राष्ट्रिय परीक्षामा विद्यालयले निरन्तर उत्कृष्ट नतिजा ल्याउँदै आएको छ । कतिपय वर्षहरूमा ४.० जीपीएसहित शतप्रतिशत उत्तीर्ण गराउन सफल भएको विद्यालयले कक्षा १२ को बोर्ड परीक्षामा समेत नेपाल प्रथम र द्वितीय स्थान हासिल गर्ने विद्यार्थी उत्पादन गरेको छ । यसले विद्यालयको शैक्षिक गुणस्तर र शिक्षण प्रणालीको प्रभावकारिता स्पष्टरूपमा देखाउँछ । विद्यालयको सफलता पछाडि अनुभवी र समर्पित शिक्षकहरूको ठूलो यो गदान रहेको छ ।

यहाँका शिक्षकहरू केवल पाठ पढाउने मात्र होइन, विद्यार्थीका मार्गदर्शक, प्रेरक र परामर्शदाता पनि हुन् । नियमित तालिम, कार्यशाला र मूल्यांकन प्रणालीमार्फत शिक्षकहरूको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिइन्छ । शिक्षण विधिलाई अझ प्रभावकारी बनाउन शिक्षक र विद्यालय व्यवस्थापनबिच सधैं समन्वय र सहकार्य रहने गरेको छ । भौतिक पूर्वाधारतर्फ पनि विद्यालय सुदृढ छ । पर्याप्त कक्षाकोठा, आधुनिक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, समृद्ध पुस्तकालय तथा खेलमैदानले विद्यार्थीलाई उत्कृष्ट सिकाइ वातावरण प्रदान गरेका छन् । डिजिटल शिक्षण सामग्री, प्रोजेक्टर तथा सूचना प्रविधिको प्रयोगले कक्षा शिक्षणलाई अझ प्रभावकारी र आकर्षक बनाएको छ । को भिड-१९ महामारीपछिको अनुभवलाई ध्यानमा राख्दै विद्यालयले हाइब्रिड (अनलाइन तथा भौतिक) शिक्षण प्रणाली समेत विकास गरेको छ, जसले शिक्षणलाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेलेको छ ।

विद्यालयका सहायक प्राचार्य कलाधर आचार्यका अनुसार विद्यालयले विद्यार्थीको समग्र विकासलाई उच्च प्राथमिकता दिएको छ । त्यसका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गरिन्छन् ।

वक्तृत्वकला, वादविवाद, कविता प्रतियोगिता, खेलकुद गतिविधि (फुटबल, भलिबल, एथ्ले टिक्स), सांस्कृतिक कार्यक्रम, सामाजिक से वा तथा वातावरण संरक्षण अभियानजस्ता गतिविधिहरूले विद्यार्थीमा नेतृत्वक्षमता, आत्मविश्वास, सहकार्य भावना र सामाजिक उत्तरदायित्व विकास गर्न सहयोग पुर्‍याउँछन् ।

विशेषगरी 'दीप गायन तारा' कार्यक्रम विद्यालयको एक महत्वपूर्ण पहिचान बनेको छ । हरेक वर्ष आयोजना हुने यस प्रतियोगिताले नयाँ प्रतिभाको खोजी गर्दै राष्ट्रियस्तरका कलाकार उत्पादन गर्न सफल भएको छ । यसले विद्यालयलाई केवल शैक्षिक संस्था मात्र नभई प्रतिभा विकासको केन्द्रका रूपमा स्थापित गरेको छ । अनुशासनलाई विद्यालयले शिक्षाको महत्वपूर्ण आधार मानेको छ ।

समयपालन, पोशाक, व्यवहार र नैतिक मूल्यमा विशेष ध्यान दिइन्छ । विद्यार्थीलाई जिम्मेवार र नैतिक नागरिकका रूपमा तयार पार्न विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिन्छन् ।

नमूना संसद अभ्यास, सामाजिक अभियान तथा सांस्कृतिक कार्यक्रमहरूले विद्यार्थीलाई व्यवहारिक ज्ञान र ने तृत्व क्षमता विकास गर्न सहयोग पुर्‍याएका छन् । अभिभावक-विद्यालय सहकार्यलाई विद्यालयले अत्यन्त महत्व दिएको छ । नियमित अभिभावक- शिक्षक भेटघाट, प्रगति प्रतिवेदन र सुझाव आदानप्रदानमार्फत् पारदर्शिता कायम गरिएको छ । यसले अभिभावकमा विद्यालयप्रति विश्वास अझ बलियो बनाएको छ । प्रविधिको तीव्र विकाससँगै विद्यालयले सूचना प्रविधिमा आधारित शिक्षण प्रणालीलाई प्राथमिकता दिएको छ ।

कम्प्युटर शिक्षा, डिजिटल कक्षा, अनलाइन प्ले टफर्म र प्रविधिमै त्री वातावरणले विद्यार्थीलाई आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाएको छ ।

भविष्यतर्फ केन्द्रित हुँदै विद्यालयले थप आधुनिक प्रयोगशाला निर्माण, पूर्वाधार विस्तार, अन्तर्राष्ट्रियस्तरको शिक्षण पद्धति विकास, करियर मार्गदर्शन कार्यक्रम सुदृढीकरण तथा अनुसन्धान र नवप्रवर्तनमा आधारित शिक्षण प्रणाली लागू गर्ने योजना अघि सारेको छ ।

साथै , विद्यार्थीलाई सीप र श्रमसँग जोड्दै आत्मनिर्भर बनाउने लक्ष्य पनि विद्यालयले लिएको छ । दीप बोर्डिङ् हाई स्कुलले किताबी ज्ञानसँगै संस्कार, संस्कृति र व्यावहारिक सीपलाई समान रूपमा महत्व दिएको छ । विद्यार्थीको रुचि अनुसार सीपमूलक शिक्षा प्रदान गर्नसके भविष्यमा रोजगारीका लागि विदेश पलायन हुने बाध्यता कम गर्न सकिने विश्वास विद्यालयले राखेको छ ।

## मासु व्यवसायी संघ र पशु क्वारेन्टाइनको अनुगमन

बुटवल । पशु क्वारेन्टाइन कार्यालय भैरहवा र मासु व्यवसायी संघ रुपन्देहीको संम्युक्त टोलीले नेपाल-भारत सीमा नाकामा अनुगमन गरेको छ ।

विशेषगरी भारतीय बजारबाट चोरी पैठारी गरी मासुजन्य पदार्थ नेपाल भित्रिने गरेको जनगुनासो बढी रहेको समयमा पशु क्वारेन्टाइन कार्यालय र मासु व्यवसाय संघले सोको स्थलगत अनुगमन गरेको हो ।

पशु क्वारेन्टाइन कार्यालयका पशु चिकित्सक डा. प्रियंका खनालले खुल्ला सिमानाका कारण अवैध रुपमा नेपालतर्फ मासुजन्य पदार्थ नभित्रियोस् भनेर अनुगमन लाई प्राथमिकता दिएको बताइन् ।

मासु व्यवसाय सं रुपन्देहीका अध्यक्ष विशाल थापाले कुखुराका चल्ला र मासुका लागि वोइलर कुखुरा समेत चोरीपैठारीको माध्यमबाट भित्रिंदा नेपालमा गुणस्तरीय मासु बिक्री वितरणमा समस्या हुने गरेको गुनासो राखे ।

उनले सीमानाकामा खटीने सुरक्षा कर्मीको कजोरीले गर्दा त्यस्ता चोरीका सामान नेपाल भित्रिने गरेको भन्दै चेकजाँचमा कडाई गर्न सुझाव दिए ।

कुखुरा व्यवसाय संघका अध्यक्ष ईश्वरप्रसाद सुवेदीले भारतीय कुखुरा रोक्न सके नेपाली उत्पादन र नेपाली किसानले राम्रो मूल्य पाउने धारणा राखेका थिए ।

कार्यक्रममा सशस्त्र प्रहरी निरीक्षक गोपाल बुढाले सीमित साधन स्रोत्त र कम जनशक्तिबाट काम गर्न परेको गुनासो सुनाएका थिए ।

कार्यक्रममा पशु क्वारेन्टाइनका रुद्रप्रसाद खनाल डा. सन्तोष यादवलगायतको सहभागिता रहेको थियो ।

## महासंघ अध्यक्ष र केन्द्रीय सदस्य सम्मानित

बुटवल । उद्योग व्यापार संघ बुटवलले नेपाल उद्योग व्यापार महासंघका नव निर्वाचित केन्द्रीय अध्यक्ष र केन्द्रीय सदस्यहरुलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ । महासंघको हालै सम्पन्न महाधिवेशनबाट संघका संस्थापक अध्यक्ष समेत रहेका खिमनारायण पराजुली अध्यक्षमा निर्वाचित भएका थिए । यस्तै वर्तमान अध्यक्ष लोकनाथ पन्थी, पूर्व अध्यक्ष गोविन्दराज गैरे र सल्लाहकार पुष्पराज ढकाल केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । उनीहरु सबैलाई संघको सचिवालयमा आयोजित एक कार्यक्रममा सम्मान तथा बधाई ज्ञापन गरिएको हो ।

सम्मानपछि बोल्दै महासंघका अध्यक्ष पराजुलीले आफू महासंघको अध्यक्षमा पुग्नुमा उद्योग व्यापार संघको जगमा विकास भएको नेतृत्व क्षमता र संघको नेतृत्वदायी भूमिका महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा संघका अध्यक्ष लोकनाथ पन्थी, निवर्तमान अध्यक्ष विष्णु पाण्डे, वरिष्ठ उपाध्यक्ष पदम जीसी, उद्योग उपाध्यक्ष केशव श्रीस,महासचिव विजय आचार्य, सचिव सौरभ भुसाल, कोषाध्यक्ष दिलिप शर्मा, सहसचिव विनोद आचार्य, कार्यसमिति सदस्य भरत अधिकारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


SEE उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा शुभकामना

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

राष्ट्रकै अग्रणी शैक्षिक संस्था समुदायमा व्यवस्थापन भएको लुम्बिनी प्रदेश नमुना यस नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय देवीनगर, बुटवल ११, रुपन्देहीमा शैक्षिकसत्र २०८३/८४ को लागि कक्षा ११ मा विज्ञान, व्यवस्थापन (होटल व्यवस्थापन), सिभिल इन्जिनियरिङ्ग, कानुन र शिक्षा समूहमा भर्ना खुल्यो ।



- भर्ना फाराम वितरण: २०८३ बैशाख ३० गतेदेखि ।
- छात्रवृत्ति छनौट परीक्षा: २०८३ जेष्ठ ७ गते विहीवार विहान ८:०० बजे ।
- नतिजा प्रकाशन: २०८३ जेष्ठ ७ गते दिउसो २:०० बजे ।
- भर्ना प्रारम्भ: २०८३ जेष्ठ ८ गते विहान ६ बजेबाट ।

हाम्रा विशेषताहरू:

- लुम्बिनी प्रदेश नमुना विद्यालय
- विज्ञान समूह अध्ययन गर्ने समस्त छात्राहरुलाई लुम्बिनी प्रदेश सरकारबाट छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी संख्याको आधारमा नेपालमै पाँचौ स्थानमा पर्न सफल
- शिक्षा तथा मानवस्रोत केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल शैक्षिक अभ्यास (GEP) कार्यक्रममा नेपाल द्वितीय हुन सफल
- विज्ञान समूह संचालन भएका नेपालका ११४ विद्यालयहरुमध्ये छनौट हुन सफल
- ब्रिटिश काउन्सिलबाट International School Award 2017-2020 र 2021-2024 प्राप्त
- कलेज रिडर्सद्वारा दुवईमा Best Community School of Year 2022 प्राप्त
- राष्ट्रिय परीक्षा बोर्डद्वारा संचालित २०७८ को कक्षा १२ को बोर्ड परीक्षामा बुटवल उपमहानगरपालिकाबाट सर्वोत्कृष्ट भइ २ लाख नगद पुरस्कार प्राप्त गर्न सफल
- एमबिबिएस, सिभिल इन्जिनियरिङ, कृषि तथा वन विज्ञान अध्ययनरत संस्था, व्यवस्थापन, कानुन र शिक्षातर्फ उत्कृष्ट रुपमा छात्रवृत्तिमा छनौट हुन सफल, स्टाफ नर्स र खेल प्रशिक्षकको व्यवस्था
- २०८० को एसइइ परीक्षामा रुपन्देही जिल्लामै उत्कृष्ट केन्द्र घोषित
- शिक्षक तथा राष्ट्र सेवकका सन्ततिलाई छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी हकहितका लागि नवीन विद्यार्थी क्लव भएको
- होटल व्यवस्थापनमा पढ्दै कमाउदै कार्यक्रम (ODC) व्यवस्था भएको
- राष्ट्रिय सेवादल सिनियर डिभिजन २०८२ मा उत्कृष्ट क्याडेट बन्न सफल

विस्तृत जानकारीका लागि
प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक
नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय
देवीनगर, बुटवल-११, फोन: ०७१-४१०२१५, ४१०३४५, ९८५७०३१६७८, ९८५७०४२४०९



हार्दिक बधाई तथा शुभकामना

शिक्षा क्षेत्रमा राष्ट्रकै अग्रणी शैक्षिक संस्था यस न्यू होराइजन मा.वि.बाट २०८२ सालको SEE परीक्षामा सम्मिलित विद्यार्थीहरु मध्ये जी.पी.ए ४ सहित १३३ जना A+, ९६ जना A, ७१ जना B+ र १७ जना B ग्रेड सहित उत्तकृष्ट नतिजा ल्याउन सफल भएका न्यू होराइजनका उज्ज्वल रत्नहरुलाई हार्दिक बधाई ।




बासुदेव अर्याल
प्राचार्य

एवं

ज्ञानेन्द्रप्रसाद कसजू
अध्यक्ष

न्यू होराइजन
अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालय
बुटवल-११, रूपन्देही
०७१४३७६०२, ४२००५६
www.newhorizon.edu.np
ISO 9001:2015
info@newhorizon.edu.np


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com